# गढी गाउँपालीका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधि २०८१

गढी गाउँपालिका,

कोशी प्रदेश, सुनसरी जिल्ला

<u>www.gadhimun.gov.np</u>

**प्रस्तावना** :पानी विना जीवन असम्भव छ । मानिसलाई दैनिक घरायसी योजनामा, पिउन, व्यक्तिगत सरसफाइ तथा स्वच्छता कायम गर्न, खेतीपाती गर्न तथा घरपालुवा जनावरहरुको प्रयोगका लागी पनि पानी अनिवार्य छ । जीवनका हरेक पक्षसङ्ग पानी एक अभिन्न अंगको रुपमा जोडिएर आउछ तर के हामीले प्रयोग गर्ने सवै स्रोतका पानी गुणस्तरीय र स्वास्थ्यको लागि लाभदायक छन् त ? के हामले प्रयोग गर्ने पानीको गुणस्तर वारे आमजनमानसमा पर्याप्त जानकारी तथा सचेतना छ त ? यदि समुदायमा सचेतना छ भन्ने हो भने पनि आमसमुदायमा सुरक्षित पानीको कुरा गदैगर्दा पानीको गुणस्तर थाहा पाउन के गर्ने ? कहाँ सम्पर्क गर्ने ? कसरी गर्ने ? यी र यस्तै प्रश्नको हामीले सामना गर्नु पर्ने हुन्छ । तराई क्षेत्रमा पानीको मुख्य श्रोत भनेकै जमिन मुनिको पानी हो ।

डिपबोरिङ्ग वा हातेकलको माध्यमबाट पानी प्रयोग गर्ने जनसंख्या धेरै ठुलो छ । केन्द्रिकृत प्रणालीबाट सुरक्षित रुपमा एक घर एक धारको माध्यमबाट पानी प्रयोग गर्ने जनसंख्या एकदमै नगन्य मात्रामा छ । सरकार तथा स्थानीय तहको ध्यान क्रमश खानेपानीमा लगानी बढाउने र केन्द्रित प्रणालीबाठ नै सुरक्षित पानी उपलब्ध गराउने कुरामा जोड दिन थालिएको छ । तर हाल ठुलो संख्यामा प्रयोगमा आएको जमिन मुनिको पानीमा रासायनिक, जैविक र भौतिक प्रदुषणहरु हुन सक्ने सम्भावना अत्यधिक हुन्छ । बढ्दो सहरीकरण, औद्योगीकीकरण, जमीन मुनिको पानीको सतहमा आएको परिवर्तन तथा वर्षेनी आउने वाढी तथा डुवानको कारण पानीको गुणस्तरमा ह्रास आएको कुरालाई नकार्न सकिदैन । अत : व्यवस्था नभए सम्म आ-आफ्नो तवरले व्यवस्थापन गरेर प्रयोग गरिएको पानीको समय समयमा गुणस्तर परीक्षण गर्ने र सुरक्षित पानीको उपलब्धता वा प्रयोग गरी स्वस्थ जीवन वाच्न पाउने आमनागरिकको अधिकार सुनिश्चित गर्न गढी गाँउपालिका भित्रका पानीका श्रोतहरु, विशेष गरी खानेपानी प्रयोजका लागि जडान गरिएका डिपवोरिङ्ग तथा हाते कलको पानी परीक्षण गरि पिउन उपयुक्त नभएको सुनिश्चित गर्ने र जनतालई पानीको गुणस्तर वारे सुसुचित गरी सुरक्षित पानीको पहुँचमा वृद्धि गर्नु वान्छनीय भएकोले स्थानीय सरकार संचाल ऐन २०७४ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी गाँउपालीकामा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना तथा संचालन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "गढी गाँउपालीका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि २०८१" रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **प्रयोगशाला व्यवस्थापन तथा संचालन समिति** भन्नाले प्रयोगशाला संचालनलाई व्यवस्थित वनाउन पालिका प्रमुखको अध्यक्षतामा गठित समिती बुझिन्छ ।

ख) **खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला भन्नाले** गाउँपालीका, नगरपालिकामा स्थापना भइ संचालित खानेपानी गुणस्तर परीक्षण प्रयोगशालालाई बुझिनेछ ।

ग) **खानेपानी गुणस्तर मापदण्ड :** खानेपानी गुणस्तर भन्नाले नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ मा तोकिए बमोजिमको र भविष्यमा संशोधन हुने मापदण्ड भनी बुझ्नु पर्नेछ ।

## परिच्छेद २

## लक्ष्य, उद्देश्य र रणनीति

**२.१ लक्ष्य :**

घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको समय समयमा गुणस्तर परीक्षण गर्ने अभ्यासलाई प्रवर्द्धन गरी जनतालाई सुरक्षित पानीको उपलब्धता वा प्रयोग बारे सुसूचीत गरी सुरक्षीत पानी पाउने नागरिक अधिकारको सुनिश्चितता गर्ने ।

**२.२ उद्देश्यहरु :**

२.२.१ यस पालीका भित्र बसोबास गर्ने आम नागरिकलाई पानीको गुणस्तर र यसको परिक्षण बारे सुसूचित गरी सुरक्षित पानीमा पहुँच अभिवृद्धि गर्ने ।

२.२.२ घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको गुणस्तर जाँचको सेवालाई दिगो, सर्वसुलभ र सहज रुपमा उपलब्ध बनाउने ।

२.२.३ स्थानीय स्तरमा खानेपानीको गुणस्तरबारे जनचेतना विस्तार गर्ने ।

२.२.४ उपभोक्ता समिति वा अन्य सेवा प्रदायकहरु टयांकर, नेपाल खानेपानी संस्थान, बोतल वा जारको पानी वितरक आदि द्वारा वितरण गरिने पानीको गुणस्तर नियमित जाँच गर्ने ।

२.२.५ विपद्का वेलामा जनस्वास्थ्यको सुरक्षाको लागि नियमीत रुपमा पानीको गुणस्तर परीक्षण गर्ने ।

**२.३ रणनीति :**

२.३.१ नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार भौतिक, रसायनिक तथा जैविक गरी २७ प्रकारका गुणस्तर पारामितिहरुको परीक्षण गर्ने व्यवस्था भए अनुरुप १२ प्रकारका पारामितिहरु स्थानीय स्तरमा नै परिक्षण गरी यस सम्वन्धि सेवाहरु उपलाब्ध गराउने ।

२.३.२ हरेक घर तथा संस्थागत तहमा वार्षिक कम्तिमा २ पटक गुणस्तर परीक्षण गर्ने परिपाटीलाई प्रवर्द्धन गर्ने ।

२.३.३ दिगो विकास लक्ष्य अनुसार सुधारिएको खानेपानी जनताको पहुँच, अभिवृद्धि गरी सफा र सुरक्षित पानीयुक्त समुदाय निर्माणमा टेवा पुर्याउने ।

२.३.४ सेवा प्रदायकहरुले वितरण गरेका पानीको गुणस्तर नियमित जाँच गरी जनस्वास्थ्यमा पर्न सक्ने असरहरु न्यून गर्ने ।

२.३.५ विपद्को वेलामा प्रभावितहरुलाई वितरण गरिने सवै पानीको नमुना संकलन गरी नियमित रुपमा परिक्षण गर्ने ।

## परिच्छेद ३

## स्वामीत्व, व्यवस्थापन तथा संचालक समिति र संचालक समितिको काम कर्तव्य र अधिकार

## ३.१ प्रयोगशालाको स्वामीत्व र संचालन :

यस पालीकास्तरको खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्वामीत्व, दैनिक सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन तथा संचालको सम्पूर्ण दायित्व र जिम्मेवारी यसै पालीकामा निहित रहने छ।

## ३.२ प्रयोगशाला व्यवस्थापन तथा संचाल समितिको गठन र संचालन प्रकृया :

यस प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि एक संचालक समिति गठन गरिने छ। यसरी गठन भएको समितिले यसको व्यवस्थापन चुस्त बनाउन, दैनिक सेवा प्रवाहका लागि कर्मचारीको व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्थापन गर्न भूमिका निर्वाह गर्नै छ। समितिमा तपसिल अनुसारका सदस्यहरु हुनेछन्।

क) पालिका प्रमुख - अध्यक्ष

ख) पालिका उपाध्यक्ष-सदस्य

ख) सामाजिक विकास शाखा हेर्ने पालीकाको सदस्य - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) वास क्षेत्रमा क ामगर्ने गै.स.स. हरु मध्येवाट एक जना -सदस्य

ङ) राजस्व शाखाको प्रतिनिधि - सदस्य

च) स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि- सदस्य

छ) खानेपानी शाखा प्रमुख - सदस्य सचिव

यसरी गठन भएको संचाल समितिले प्रयोगशालाको दैनिक कार्य व्यवस्थापन तथा संचालनका लागि सम्वन्धित पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता हेर्ने सम्पर्क व्यक्ति (WASH Focal Person) लाई संयोजन वनाई जिम्मेवारी दिनेछ।

**३.३ समितिको काम कर्तव्य र अधिकार :** कार्यविधिको परिच्छेद ३ को धारा ३.२ अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछन्।

- प्रयोगशालाको दैनिक व्यवस्थापन र सेवा प्रवाहलाई चुस्त बनाउन आवश्यक दैनिक प्रशासनीक व्यवस्था मिलाउने।
- सेवा प्रवाहका लागि कर्मचारी नियुक्ति गर्ने वा एकपटक नियुक्त भएको कर्मचारीले प्रयोगशालाको आवश्यकता अनुसार कार्य नगरेमा नियुक्ति बदर वा खारेजी गर्ने र कर्मचारीको सेवा सुविधा सुनिश्चित गर्ने।

- प्रयोगशालाको आम्दानीको चौमासीक आय-व्यय राख्ने लगाउने र उपलब्ध स्रोतको परिच्छेद ६ को उपधारा ६२ अनुसार आम्दानी तथा राजस्वको बाँडफाँड गर्ने ।
- प्रयोगशाला र गाउँकार्यपालीका वीचमा समन्वय र सेतुले कार्य गर्ने ।
- प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि वार्षिक वजेट सहितको कार्यक्रम वनाउने र कार्यपालीकामा पेश गर्ने ।
- प्रयोगशालाको गुणस्तर अनुगमन गर्ने र राष्ट्रिय मापदण्ड कायम गर्ने गरी कार्य गर्ने ।
- प्रयोगशालाबाट सेवा प्रवाहका लागि उपभोक्ता वा सेवा प्रदायकले बुझाउनु पर्ने शुल्क कार्यपालिकामा सिफारीश गर्ने र समयानुकूल संशोधन गरी सिफारीश गर्ने ।
- प्रयोगशालाको नियमित व्यवस्थापन तथा संचालनका लागि अन्य आवश्यक प्रवन्ध मिलाउने तथा गाउँकार्यपालिका सङ्को सहकार्यमा आवश्यक अन्य कार्य गर्ने

**३.४ प्रयोगशाला संचालन समितिको वैठक र कार्यविधि :**

क) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार वस्नेछ तर वडिमा ४ महिनामा एक पठक अनिवार्य वैठक वस्ने प्रवन्ध मिलाइने छ ।

ख) वैठकको अध्यक्षता अध्यक्षले गर्नेछन । वैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछन् ।

ग) वैठक संचालन सम्वन्धि अन्य व्यवस्था समितिले कार्यविधि वनाएर लागु गर्न सक्नेछ ।

## परिच्छेद ४

**खानेपानी गुणस्तर परीक्षणको मापदण्ड र सेवा शुल्क**

**४.१ प्रयोगशाला बाटा उपलब्ध गराइने सेवा र शुल्क**

यस प्रयोगशालाबाट नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार तपसिल १२ प्रकारका पारामितिहरुको गुणस्तर परीक्षणको सेवाहरु प्रदान गरिने छ ।

| | | | |
|---|---|---|---|
| १. धमिलोपना | २ आर्सेनिक | ३. क्यालसियम | ४ फलाम |
| ५ क्लोराईड | ६ नाईट्रेट | ७ कुल- कडापन | ८ एमोनिया |
| ९इ -कोली | १० क्लोरिन अवशेष | ११.हाईड्रोजन विभव PH | १२.विधुतीय संवाहकता Electrical conductivity |

यस प्रयोगशालालाई दिगो रुपमा संचालन गर्नका लागि, प्राविधिकको सेवा सुविधा तथा परीक्षणका लागि र आवश्यक सामग्री, रिएजेण्ट तथा औजारहरुको खर्च व्यवस्थापन गर्नका लागि न्युनतम सेवा शुल्क निर्धारण गरिएको छ । ती शुल्क सम्बन्धी दरहरु अनुसूचि १ मा संलग्न गरिएको छ ।

## परिच्छेद ५

## प्रयोगशालाको व्यवस्थापनका लागि मानव संशाधन व्यवस्थापन, क्षमता विकास र दिगोपना

### ५.१ मनव संशाधन व्यवस्थापन, क्षमता विकास र दिगोपना :

क) प्रयोगशालाको नियमित व्यवस्थापन र संचालनको लागि गाउँपालिकाको श्रोतबाट तलब भता उपलब्ध गराउने गरी नेपाल सरकारको करार सेवा अन्तर्गत प्रदान गरिनु पर्ने न्यूनतम तलब सुविधा प्रदान गर्ने गरी हाललाई एक जना  पछि आवश्यक भएमा थप गर्न सक्न गरी) कर्मचारी नियुक्ति गरिने छ । यसरी नियुक्त भएको कर्मचारी परिच्छेद ३.२ मा व्यवस्था भए अनुसारको प्रयोगशाला व्यवस्थापन तथा संचालन समितिको मातहतमा रहेर कार्य सम्पादन गर्नु पर्नेछ । यसरी नियुक्ति गरिने व्यक्तिको शैक्षिक योग्यता र अन्य आवश्यक योग्यता तपसिल बमोजिम हुने छ ।

- नियुक्ति हुदाका बखत १८ वर्ष उमेर पुरी ३५ वर्ष ननाघेको नेपाली नागरिक ।
- नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसुर ठहर नभएको व्यक्ति ।
- विज्ञान विषयमा न्यूनतम १०+२ वा आइ.एस्सी. वा सो सरहको शैक्षीक योग्यता हासील गरेको ।
- थप योग्यता आवश्यक पर्ने प्रयोगशाला टेक्नीसियनको तालिम वा कार्य अनुभव हासील गरी सम्वन्धित विषयमा दक्षता हासील गरेको ।

ख) प्रयोगशालामा काम गर्ने गरी नियुक्त गरिएको कर्मचारीलाई नेपाल सरकारको करार सेवा अन्तर्गत प्रदान गरिनु पर्ने न्यूनतम तलब सुविधा मासिक नेपाल सरकारको सहायक कर्मचारी सरह हुनेछ । प्रोत्साहनको लागि नियमित तलब सङ्गै प्रत्येक परिक्षणबाट २ प्रतिशत रकम चौमासिक रुपमा प्रोत्साहन भत्ता स्वरुप प्रदान गर्न सकिनेछ ।

ग) क्षमता विकास : आवश्यकता अनुसार कर्मचारीको क्षमता विकासको प्रबन्ध मिलाइने छ ।

घ) नियमित कर्मचारीको व्यवस्था नभएको अवस्था प्रयोगशाला सन्चालनमा ल्याउन वैकल्पिक व्यवस्थाको रुपमा खानेपानीगुणस्तर परीक्षण तालिम लिएका पालिकाको कर्मचारीहरुलाई खानेपानी गुणस्तर परिक्षणको थप जिम्मेवारी दिने र सो वापत निश्चित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

## परिच्छेद ६

## विविध

**६.१ पानी परीक्षण सेवा लिने प्रकृया :**

क) यस प्रयोगशालाबाट पानी परीक्षणको सेवा लिन सेवाग्राहीले अनुसुची १ मा दिईएको आवेदन फाराम भरेर पेश गर्नु पर्नेछ । गाउँपालिकाले व्यवस्था गरे अनुसारको अनलाइन सुविधा मार्फत समेत आवेदन गर्न सकिनेछ ।

ख) सेवाग्राहीले परीक्षण गर्नु पर्ने पानीको नमूना प्रयोगशालामा बुझाउनु पर्नेछ । आवश्यकता अनुसार नमूना संकलन कर्मचारीद्वारा समेत गरिनेछ ।

**६.२ श्रोत व्यवस्थापन :**

यस पालीकामा संचालन गरिएको खानेपानी गुणस्तर परीक्षण प्रयोगशालामा पानीको गुणस्तर परीक्षणका लागि उपभोक्ताबाट परिच्छेद उपधार ४.१ अनुसार शुल्क लिइनेछ । यसरी संकलित राजस्वको आय-व्यय यस गाउँपालीकाको राजस्व शाखाले राख्ने छ र त्यसको प्रतिवेदन चौमासिक रुपमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचाल समिति समक्ष पेश गर्ने छ । यसरी संकलित राजश्वलाई पालिकाको आन्तरिक श्रोतको आम्दानी रकम मानी प्रत्येक नमूना संकलन बाट प्राप्त हुने वा चौमासिक रुपमा संकलीत राजस्वको एकमुष्ट हिसाबबाट ५० प्रतिशत रकम प्रयोगशाला संचालनका लागि आवश्यक पर्ने सामग्री जस्तै रसायन, रिएजेण्ट आदि खरीद गर्न र प्रयोगशाला व्यवस्थापन तथा संचाल समितिले तोके अनुसार प्रयोगशालाका लागि भौतिक सुविधा थप गर्ने खर्च गरिनेछ भने बाँकी रकम पालीकाको आम्दानीको रुपमा मूलकोषमा जम्मा गरिनेछ । राजस्व र खर्च सम्वन्धि थप व्यवस्था दफा ३.१ बमोजिम हुनेछ ।

**६.३ अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने :** गाउँपालीकाले कार्यपालीकाको बैठकबाट यस कार्यविधिको अनुसूचिमा उल्लेखित विवरण, तथ्यांक तथा अन्य सूचनाहरु आवश्यकता अनुसार हेरफेर, थप व्याख्या वा थपघट गर्न सक्नेछ । तर यसरी संशोधन गरिएको वाक्यांश वा विवरण संशोधनको संस्करण अनुसार एकै प्रतिमा संलग्न गर्दै जानु पर्ने छ ।

## ६.४ पानीको नमूना संकलन गरी बुझाउने :

आफूले परीक्षण गर्न चाहेको पानीको नमूना श्रोतबाट तोकिएको मापदण्डका आधारमा संकलन गरी प्रयोगशालासम्म सुरक्षीत रुपमा ल्याउने कार्यलाई नमूना संकलन भनिन्छ । पानीको नमूना संकलन विधि नमूना संकलन गर्ने पानीको श्रोत अनुसार फरक फरक हुन सक्छ । उदाहरणको लागि इनारको पानीको नमूना संकलन गर्न एक प्रकारको विधि अपनाउन पर्ने हुन्छ भने धारा, ट्युवेल वा खोलाको पानीको नमूना संकल गर्न अर्को प्रकारका विधि र सतर्कता अपनाउनु पर्ने हुन्छ । पानीको नमूना संकलन गर्दा पानीमा रहेका भन्दा फरक स्थान वा श्रोतवबाट संक्रमण नहोस् भन्नका लागि सतर्कतापूर्वक यो कार्य गर्नु पर्ने हुन्छ ।

यसका लागि तराईमा उपलब्ध पानीका श्रोतहरु विशेष गरी ट्युववेल, इनार, खोला तथा शहरी खानेपानीको वितरण प्रणालीबाट उपलब्ध धाराको पानीको नमूना संकलनका लागि केही विधिहरु यस कार्यविधिको अनुसूची ३ मा उल्लेख गरिए अनुसार वा प्रयोगशालाका प्राविधिकहरुले तोके बमोजिम हुनेछन् ।

अनुसूचिहरु

**अनुसूचि १ : राजश्वको दाखीला तथा भुक्तानी फारम र दर :**

सेवा लिन इच्छुक सेवाग्राहीले तल उल्लेखित विवरणको फारम भरी तोकिएको रकम पालीकाको राजश्व खातामा दाखीला गरी सोको एक प्रतिलिपि सहित परीक्षण गर्न चाहेको पानीको नमूना प्रयोगशाला पेश गर्ने ।

## तालिका १ : राजश्वको दाखीला तथा भुक्तानी फारम

| सेवाग्राहीको नाम, ठेगाना | १. व्यक्तिगत वा पारिवारिक | | | | | |
|---|---|---|---|---|---|---|
| सेवा लिन चाहेको प्रकार कुनै एक मा √चिन्ह लगाउनुहोस् | २. खानेपानी उपभोक्ता समिति वा अन्य सेवा प्रदायक | | | | | |
| | ३. व्यवसायीक संस्था वा कार्यालय | | | | | |
| राजश्व दाखिला गरेको भौचर नं. | | | | | राजश्व बुझाएको कुल रकम | रु......... |
| प्रयोगशालाम बुझाएको मिति : | | | | | रिपोर्ट/प्रतिवेदन प्राप्त हुने मिति : | |
| पानी परीक्षणका लागि उपलब्ध सूचकहरु | प्रति सूचक मूल्य | | | परीक्षण गर्न चाहेकोसूचकमा (√)चिन्ह लगाउने | तिर्नु पर्ने राजश्व (कुल) | कैफियत |
| | पारिवारीक वा व्यक्तिगत | खानेपानी उपभोक्ता समिति वा अन्य सेवा प्रदायक | व्यावसायीक संस्था वा कार्यालय | | | |
| १. धमिलोपना | रु ५०.०० | रु ५०.०० | रु ५०.०० | | | |
| २. फलाम (आइरन) | रु १९०.०० | रु १९०.०० | रु १९०.०० | | | |
| ३. क्लोराईड | रु ७५.०० | रु ७५.०० | रु ७५.०० | | | |
| ४. नाईट्रेट | रु १२५.०० | रु १२५.०० | रु १२५.०० | | | |
| ५ .कडापन | रु ७५.०० | रु ७५.०० | रु ७५.०० | | | |
| ६. एमोनिया | रु १२५.०० | रु १२५.०० | रु १२५.०० | | | |
| ७. क्लोरिन अवशेष | रु १५०.०० | रु १५०.०० | रु १५०.०० | | | |
| ८. इ-कोली | रु २७५.०० | रु २७५.०० | रु २७५.०० | | | |
| ९. आर्सेनिक | रु ३५०.०० | रु.३५०.०० | रु.३५०.०० | | | |
| १०.क्यालसियम | रु.७५.०० | रु.७५.०० | रु.७५.०० | | | |
| ११.हाईड्रोजन विभव ph | रु.४०.०० | रु.४०.०० | रु.४०.०० | | | |
| १२.विधुतीय संवाहकता | रु.४०.०० | रु.४०.०० | रु.४०.०० | | | |
| कुल जम्मा | | | १५७०।०० | | | |

सवै सुचक परिक्षण गर्न परेमा सेवा शुल्क तिर्न पर्ने, तर ६ वटा वा सो भन्दा कम सूचक मात्र परीक्षण गर्न परेको खण्डमा सेवा शुल्कमा ५० प्रतिशत मात्र तिर्न पर्ने ।

अनुसुचिमा सेवा शुल्क थपघट गर्न सकिनेछ ।सवै सुचक संघ संस्थाबाट भएमा सेवा शुल्क थपघट गर्न सकिनेछ ।

तालिका २ दर :

| क्र.स | खानेपानी परीक्षणको प्रकार | शुल्क | | |
|---|---|---|---|---|
| | | परिवार | खानेपानी उपभोक्ता समिति वा अन्य सेवा प्रदायक | व्यवसायी, संघ, संस्था वा कार्यालय |
| १ | १२ प्रकारका परीक्षण (पूर्ण प्याकेज) | | | |
| २ | आधारभूत ३ प्रकारका परीक्षण(इ कोलिफर्म, आर्सेनिक, फलाम) | | | |
| ३ | | | | |

## अनुसूचि २ : खानेपानी गुणस्तर परीक्षण प्रतिवेदनको खाका

| | प्रयोगशालामा बुझाएको मिति : | | | | रिर्पोट, प्रतिवेदन प्राप्त गर्ने मिति : | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | पानी परीक्षणका लागि उपलब्ध सूचकहरु | अंग्रेजी नाम | नेपाल खानेपानी गुणस्तर मापदण्ड २०६९ अनुसारको मानक ( अधिकतम सघन सिमा) | इकाई | प्रयोगशालामा परीक्षण पश्चात् प्राप्त मानक | प्रयोगशाला को सिफारिस | कैफियत |
| १ | धमिलोपना | Turbidity | ५ | NTU | | | NHBGV |
| २ | आइरन | Iron | ०.३० (३) | मि.ग्रा., ली. | | | NHBGV |
| ३ | क्लोराईड | Chioride | २५० | मि.ग्रा., ली. | | | NHBGV |
| ४ | नाईट्रे | Nitrate | ५० | मि.ग्रा., ली. | | | NHBGV |
| ५ | कुल- कडापन | Total Hardness | ५०० | | | | NHBGV |
| ६ | अमोनिया | Ammo nia | १.५० | मि.ग्रा., ली. | | | NHBGV |
| ७ | क्लोरिन अवशेष | Residual Chiorine | ०.१०-०.५० | मि.ग्रा., ली. | | | |
| ८ | इ- कोली | Ecoli | ० | MPN/ 100ml | | | NHBGV |
| ९ | क्याल्सीयम | Calcium | २०० | मि.ग्रा., ली. | | | NHBGV |
| १० | आर्सेनिक | Arsenic | ०.०५ | मि.ग्रा., ली. | | | NHBGV |
| ११ | हाईड्रोजन विभव | ph | ६.५ /८.५ | | | | NHBGV |
| १२ | विधुतीय संवाहकता | Electrical conductivity | १५०० | uS/cm | | | NHBGV |